# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः २ संख्या : ३ असोज २८, २०७५**

## भाग-२

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## सूचना
## असिना पिडित गहुँ उत्पादन कृषकलाई शत प्रतिशत अनुदानमा गहुँको उन्नत वीउ वितरण कार्यविधि, २०७५

**संवत् २०७५ सालको कार्यविधि नं ३**

खाद्य सुरक्षाको दृष्टिकोणले धान, मकै पछि गहुँ लाई मुख्य खाद्य वालीका रुपमा लिईदै आएको छ । विशेष गरी हिउदको अन्तिम देखि असिना पर्न शुरु गर्ने र गहुँबाली भित्राउने समय परेकाले असिना वाट गहुँबालीको उत्पादनमा निकै ठूलो क्षति हुदै आएको पाईएको छ । आ. व. २०७४/०७५ मा रुकुम पश्चिम जिल्लाको मुसीकोट नगरपालिकाका विभिन्न स्थानमा विभिन्न समयमा परेको असिनाले खाधान्न वाली लगाएत फलफुल तरकारी बाली र तरकारी विउ उत्पादनमा निकै

ठुलो क्षति पुऱ्यायो । विशेष गरि गहुँ पाकिनसकेको र गहुँ वाली भित्राईनसकेको क्षेत्रमा वैसाख महिनामा परेको असिनाले गहुँ उत्पादनमा शत प्रतिशत सम्म नोक्सान पुऱ्यायो । पाकिसकेको गहुमा असिनाले पुऱ्याएको क्षतिलाई मध्यनजर गरेर पिडित कृषकलाई राहात स्वरुप शत प्रतिशत अनुदानमा गहुको उन्नत विउ वितरण लाई व्यवस्थित र मर्यादित वनाई खाद्य सुरक्षामा सेवा टेवा पुऱ्याउने र गहुँ उत्पादन र उत्पादकत्व वृद्धि गर्न यो कार्यविधि तयार गरि लागु गरिएको छ । यस कार्यविधि लाई विभिन्न प्राकृतिक विपत्तीका कारण खाधान्न वालीमा हुने नोक्सान र पिडीत कृषकलाई सेवा पुऱ्याउनलाई उपयोग गरिने छ ।

# परिच्छेद १
# प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यबिधिको नाम "असिना पिडित गहुँ उत्पादन कृषकलाई शत प्रतिशत अनुदानमा गहुँको उन्नत विउ वितरण कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यबिधि मुसीकोट नगरपालिका नगर कार्यपालिका वाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग गरिएका शव्दावली तपशिल अनुसार हुनेछ ।

क) असिना पिडित कृषक : असिनाको कारणले गहुँ उत्पादनमा ५० प्रतिशत देखि शत प्रतिशत सम्म नोक्सान पूऱ्याएको कृषकलाई सम्झनु पर्दछ ।

ख) उन्नत विउ : नेपाल सरकारले परिभाषित विउलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

(क) खाद्य सुरक्षामा सेवा टेवा पुऱ्याउन र उन्नत विउको को प्रयोग वढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्न ।

(ख) प्राकृतिक विपत्तीका कारण पिडित कृषकलाई खाधान्न वालीमा वीउ उपलव्ध गराउन ।

(ग) खाधान्न वीउ वितरणका लागि व्यवस्थित र मर्यादित वनाई पिडित कृषकलाई वीउमा सहज पहुचँ वढाउन ।

# परिच्छेद २
# कार्यक्रम संचालन प्रकृया

(क) सम्वन्धित वडापालिकाले खाधान्न लगाएत अन्यवालीहरुमा विभिन्न प्रकोप वाट बालीमा क्षति भएको तथ्याकंलाई यथार्थपरक, विश्वसनिय र प्रमाणित आधारमा अनुसूची १ को फाराममा भरि राख्नु पर्ने छ । क्षति मुल्याकंन गर्दा आवश्यक परेमा कृषि इकाईको प्राविधिक सहयोग लिन सकिने छ ।

(ख) फारामका आधारमा क्षति भएको वालीको क्षेत्रफल र क्षति प्रतिशत एकिन गरि आफ्नो वडाको लागि आवश्यक विउको परिमाण मुसीकोट नगरपालिका कृषि इकाईमा वुझाई कार्यक्रम र वजेट विनियोजनको व्यवस्था मिलाउनु पर्ने छ ।

(ग) कार्यक्रम संचालन गर्दा पिडित कृषकको पहिचान र आवश्यक खाधान्न वीउको परिमाण कृषि इकाईको प्राविधिक सहयोगमा तयार गरिने छ । प्राकृतिक विपत्तीका कारण खाधान्न वालीमा उत्पादनको ५० प्रतिशत भन्दा वढि नोक्सान हुने कृषकलाई पिडित कृषकका रुपमा अभिलेखिकरण गरिने छ । खाधान्न विउ वितरण गर्दा नेपाल सरकारको सिफारिस गरेको वीउ दरलाई नै आधार मानी वितरण गरिने छ ।

(घ) पिडित कृषक र वाली लगाईएको क्षेत्रफल वडा कार्यपालिकाको वैठक वाट अनुमोदन गरेपछि आवश्यक विउको परिमाणका लागि नगरपालिका वाट वजेट विनियोजन गरिने छ ।

(ङ) पिडित कृषकलाई खाधान्नको विउ उपलव्ध गराउदा सम्वन्धित वडा कार्यालयवाट वितरण गर्ने व्यवस्था मिलाईने छ र खाधान्न विउका ढुवानीका लागि आवश्यक वजेटको व्यवस्था मिलाईने छ। वीउ वितरणको भरपाई फाराम अनुसूचि २ अनुसार हुनेछ ।

# परिच्छेद- ३

# वीउ वितरण व्यवस्थित र मर्यादित वनाउन थप व्यवस्था

४. पिडित कृषकको विवरण वडा कार्यपालिका वाट अनुमोदन गरेपछि प्रमाणितका लागि प्रमुख प्रशासकिय अधिकृतमा पेश गर्नु पर्नेछ। यदि कुनै कृषकको नाम छुट्न गएको खण्डमा वडा पालिकाले निर्णय गरि तत्कालै प्रमुख प्रशासकिय अधिकृतमा पेश गर्नु पर्नेछ ।

५. विउ वितरणका लागि प्राविधिक कार्यहरु कृषि इकाई द्धारा संचालन गरिने छ र वितरण अभिलेख लाई सुरक्षित राख्नुपर्नेछ ।

६. कृषकको माग र नेपाल सरकारले सिफारिस गरेको विउका जातहरु उपयूक्तताका आधारमा खरिद र वितरण गर्ने व्यवस्था कृषि इकाईले गर्नु पर्नेछ ।

# अनुसूची - १

मुसीकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय,रुकुम पश्चिम बाट विभिन्न समयमा परेको असिना हावाहुरीका कारण बालीनालीमा भएको क्षति विवरण संकलन फाराम मिति २०७५।।   गते

| क्र स | कृषक को नाम | ठेगाना | सम्पर्क नं | वाली | लगाईएको क्षेत्रफल | अनुमानित क्षति प्रतिशत | क्षति मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

संकलन कर्ताः                    पदः

हस्ताक्षरः

अनुसूची -२

मुसीकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय,रुकुम पश्चिम बाट आ.व. २०७५/०७६ को वार्षिक स्विकृत कार्यक्रम अनुसार असिना पिडित कृषकलाई शत प्रतिशत अनुदानमा विउ वितरण गरि तपशिलमा उल्लेखित कृषकहरुले तपशिलको परिमाणमा वीउ वुझिलिई यो भरपाई गरि दियौ लियौ। मिति २०७५/ /

| क्र स | कृषकको नाम | ठेगाना | सम्पर्क नं | वाली | बाली लगाउने क्षेत्रफल | वुझेको विउ परिमाण | मुल्य | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

वुझाउनेः
पदः
हस्ताक्षरः

आज्ञाले,
माधव प्रशाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत